# नेपाली कांग्रेस जिल्ला सभापतीहरुको विधान मस्यौदा विषयक वैठक

२०७५ साल मंसिर १२ र १३ गते नुवाकोटको ककनीमा वसेको ने.का. जिल्ला सभापतिहरुको भेलामा छलफल गरी पार्टीको विधान संसोधन सम्वन्धी पेश गरेका सुझावहरु :

नेपाली काँग्रेसका जिल्ला सभापतिहरुको हेटौडा सम्मेलनको घोषण पत्र मार्फत आग्रह गरिए अनुसार पार्टी बिधान संशोधन मस्यौदा समितिमा जिल्ला सभापतिहरुको तर्फबाट प्रतिनिधित्व गराउने निर्णय गरेकोमा नेपाली काँग्रेस केन्द्रीय कार्य समिति प्रति यो बैठक आभार हार्दिक प्रकट गर्दछ । साथै जिल्ला सभापतिहरुको तर्फबाट प्रतिनिधि भएर जानु भएका मदन अमात्य र अमरसिंह पुनले पुर्‍याउनुभएको सक्रिय योगदानको लागी यो बैठक गौरवअनुभूति गर्दछ । विधान संशोधन मस्यौदा समितिले जिल्ला सभापतिहरुको हैटौडा सम्मेलनमा व्यक्त जिल्लागत प्रदेसगत तथा समष्टिगत भावनालाई सम्मान गर्दै उठाइएका धेरै विषयहरु प्रस्तुत मस्यौदामा समावेश गरिएकोमा समिति प्रति कृतज्ञता गर्दछ ।

नेपाली कांग्रेस सभापतिहरुको हेटौंडा वैठकले जारी गरेको घोषणा पत्रका अन्य मागहरुलाई शिघ्र कार्यान्वयनमा ल्याउन केन्द्रिय कार्य समिति समक्ष हार्दिक अनुरोध गर्दै प्रस्तुत मस्यौदालाई मुलुकको वर्तमान संबिधानसम्मत, पार्टी सदस्यहरुको अपेक्षा अनुरुप तथा जिल्लामा लामो समय काम गरेको अनुभवको आलोकमा थप परिष्कृत र समय सापेक्ष तुल्याउन निम्न अनुसारको परिमार्जनको प्रस्ताव गर्दछौ ।

## क. विधान संसोधन सम्बन्धमा :

१. जिल्ला संसदिय बोर्डले स्थानिय तहको, प्रदेश संसदिय वोर्डले प्रदेश तहको र केन्द्रिय संसदिय वोर्डले संघिय तहको उम्मेदवारको निर्धारण गर्ने व्यवस्था मिलउने

२. सदस्यता वितरणको प्रकृयालाई प्रभावकारी व्यवस्थापन तथा सरलीकरण गरी सदस्यताको प्रकारमा सम्मनित

सदस्यता को व्यवस्था थप गर्ने ।

३. गाउँपालीका, नगरपालीका, उपमहानगरपालीकाको अधिवेशन वडा तहवाट आएका क्षेत्रिय प्रतिनिधिहरुवाट हुने व्यवस्था गर्नुपर्दछ ।

४. सवै तहका सभापतिहरु उपल्लो समितिका पदेन सदस्य रहने व्यवस्था हुनुपर्दछ ।

५. जिल्ला, क्षेत्रीय कार्यसमितिका पदाधिकारी नियुक्ती गर्दा महाधिवेशन प्रतिनिधि, महासमिति सदस्यवाट समेत गर्न पाइने व्यवस्था गर्नुपर्दछ ।

६. प्रत्येक नगर, उपमहानगर र महानगरपालीकाको वडावाट तोकिएको भन्दा वढी जनसङ्ख्या भएको अबस्थामा

पहिलो प्रति दुई हजारमा तीन जना प्रतिनिधि र त्यो भन्दा बढी जनसख्ङ्ख्या भएको अबस्थामा प्रति दुई हजार एक जना प्रतिनिधि रहने व्यवस्था हुनुपर्ने ।

७. अघिल्लो अधिवेशनको भन्दा नवढ्ने गरी मनोनित सदस्यको व्यवस्था गर्नुपर्दछ ।

८. गाउँपालीका वडा क्षेत्रवाट क्षेत्रिय प्रतिनिधिको चयन गर्नेमा सहिद परिवार, व्दन्द पिडित, अपाङ.ग (फरक क्षमता भएका) मध्येवाट समेत प्रतिनिधित्व गराउने व्यवस्था थप गरिनुपर्ने ।

९. स्थानिय, प्रदेश र संघिय संसदमा निर्वाचित पार्टी सदस्यहरु सम्बन्धित तह तथा जिल्ला कार्य समिति प्रति उत्तरदायी रहने व्यवस्था गरिनुपर्ने ।

१०. पदाधिकारीको संख्या बढाउनु पर्छ ।

११. मनोनित गर्ने अधिकार केन्द्रिय सभापतिदेखी टोल कार्य समितिको सभापतिलाई समान रुपने व्यवस्था गर्नुपर्दछ ।

१२. माथिल्लो निकायले मनोनित गर्ने सदस्य मध्ये २ कार्यकाल पुरा गरेका तल्लो निकायका सभापतिहरु मध्येवाट कम्तिमा २५ प्रतिशत रहने व्यवस्था गर्नुपर्ने ।

१३. पार्टी नेता कार्यकर्ताको मर्यादाक्रम पार्टी विधानको अनुसूचीमै व्यवस्थ गर्नुपर्दछ ।

१४. कुनैपनि तहमा चुनाव लडेका पार्टी सदस्यलाई सोही पदमा मनोनित नगरिने व्यवस्था गर्नुपर्दछ ।

१५. समानुपातिक प्रणालीवाट एकपटक भन्दा वढी अवसर नदिने व्यवस्था गर्नु पर्दछ ।

१६. प्रदेश भित्रवाट केन्द्रिय समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरुको निर्वाचन पतदाता प्रदेश भित्रकै महाधिवेशन प्रतिनिधिहरु हुने व्यवस्था गर्नुपर्दछ ।

१७. प्रस्तावित विधान मस्यौदा ५१ संक्रमण कालिन व्यवस्थाको धारा २ को क मा उल्लेखित व्यवस्था ( योविधान

संसोधन पुर्व कायम रहेका पार्टीका सवै निकायका कार्यसमिति अन्तरिम व्यवस्था नभएसम्म कायम रहनेछन्)

लाई हटायनु पर्ने ।

१८. जिल्ला तह देखि केन्द्रिय तह सम्म प्रबक्ता राख्ने व्यवस्था गर्नुपर्ने ।

१९. भूतपुर्व प्रहरी संघ, पूर्व निजामती कर्मचारी संघलाई सुभेच्छुक संस्थाको रुपमा मान्यता दिइनुपर्ने ।

२१. अरक्षण सिट समानुपातिक एक चोटी भन्दा वढी निर्वाचन, मनोनित हुन नपाउने ।

२२. गाउँपालिका, नगरपालिका, उपमहानगर पालिका र महानगर पालिका कार्य समितिका सभापति प्रदेश

महादिवेशन प्रतिनिध पदेन हुने व्यवस्थ गर्ने ।

२३. पार्टीका सवै क्रियाशिल सदस्य तथा पार्टीवाट पारिश्रमिक प्राप्त गर्ने जिम्मेवारीमा गएका साथिहरुवाट

मासिक लेवि संकलन गर्ने र विधान अनुरुप पार्टीका सवै तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउने ।

२४. पार्टीका केन्द्रिय सदस्य तथा साम्सद उम्मेदवार स्वतह महाधिवेशन प्रतिनिधि तथा क्षेत्रिय प्रतिनिधि हुने

पुर्व व्यवस्थालाई प्रस्तावित मस्यौदामा खारेज गरिएकोमा हार्दिक स्वागत गर्ने ।

## ख. समसायिक विषय सम्बन्धमा :

२५ .न्यायपालिका, पत्रकारिता तथा विभिन्न पेशा व्यवसायी क्षेत्रमाथी हस्तक्षेप गर्ने तथा तिनको गरिमा,

प्रभावकारिता कमजोर बनाउने वर्तमान सरकारका गतिविधि एवम् प्रयत्नहरु लोकतन्त्र तथा विधिको शासन

विरुद्ध भएको यो बैठक ठहर गर्दछ ।

२६. नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को नेतृत्वमा रहेका वर्तमान संघीय, प्रदेस र स्थानीय सरकार राज्यको ढुकुटी

दुरुपयोग गर्दै आफ्नो कार्यकर्ता पोस्ने काममा अभिसप्त रहेका प्रति यो बैठक घोर भर्सना गर्दछ ।

२७ संबिधानको मर्म अनुसार संघीयताको अभ्यास, अधिकारको बाढबाड तथा बजेट बिनियोजनमा वर्तमान सरकारले देखाएको अनुदारता र हस्तक्षेपकारी भूमिका प्रति यो बैठक घोर निन्दा गर्दछ ।

२८. मुलुकमा बढ्दै गएको महंगी, कालोबजारी, पेट्रोलिएम पदार्थको हचुवा मुल्य वृद्धि, हत्या, हिंसा, बलात्कार, दण्डहिनता, भ्रष्टाचार, कुशासन एवम् सत्ता निरुंकुशताको यो बैठक घोर विरोद्ध गर्दछ ।

२९. अबैज्ञानिक एवम् विवेकहीन ढंगबाट जनतामाथी थोपरिएको अस्वभाविक कर बृद्धिलाई अभिलम्ब फिर्ता

लिन यो बैठक सबैतहका सरकारलाई आग्रह गर्दछ ।

३०. मुलुकमा घटेका निर्मला पन्त हत्याकाण्ड, सुनकाण्ड, वाइडवडी जहाज खरिद काण्ड, बुढिगडकी काण्ड लगायतका काण्डहरुका तत्काल छानबिन गरी अपराधिलाई हदैसम्मको कारबाही गर्न यो बैठक जोडदार माग गर्दछ ।

३१. नेपाली कांग्रेसलो विगतमा लिएको पहल कदमी अनुसार तराई, मधेश, आदिवासी जनजाती, दलित, अल्पसंख्यम, पिछडिएको वर्ग,क्षेत्र र अपाङ्ग समेतको जायज माग र भावनालाई सम्बोधन गर्ने गरि सिघ्र

संविधान संसोधन गर्न यो वैठक वर्तमान सरकारको गम्भिर ध्यानाकर्षण गर्दछ ।

३२. जनताको सार्वजनिक चासो, भावना र जनजीवनलाई कत्तिपनि ख्याल नगरी राष्ट्रपति, राष्ट्रिपति कार्यालयलाई गम्भीर विवादमा ल्याउने गरी सरकारले जग्गा तथा भवन अतिक्रमण, सवारी साधन खरिद तथा सार्वजनिक आवागमनमा समेत प्रभावित बनाउदै भइरहेका क्रियाकलापप्रति यो बैठक घोर भर्सना गर्दछ ।

३३. वर्तमान सरकारले वेलैमा कर्मचारी समायोजन गर्न नसकेका कारण स्थानिय सेवा ग्राहिले सेवा पाउन नसकेको तथा स्थानिय सरकार अस्तव्यस्त रहेकोमा आपत्ति जनाउँदै शिघ्र उचित व्यवस्थाका लागि यो वैठक गम्भिर ध्यानाकर्षण गराउँदछ ।

३३. नेपाली काग्रेसको नेतृत्वमा रहेको सरकारले सामाजिक सुरक्षा कोष सम्बन्धि गरेको निर्णय र सो बाट जम्मा हुन आएको रकमलाई केबल भद्दा प्रचारबाजीको विषय बनाउनु भन्दा उक्त कार्यक्रमको सार्थक कार्यान्वयनमा शसक्त र जिम्मेवार बन्न यो बैठक वर्तमान सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ ।

३४. नेपाली काँग्रेसको नेतृत्वमा रहेको सरकारले विगतमा देश र जनताको पक्षमा गरेका निर्णयहरु एकपपछि अर्को गर्दै पूर्वाग्रही ढंगबाट खारेजी र फेरबदल तथा चालु अबस्थामा रहेका विकास निर्माणका कार्यक्रमलाई

बजेट बिनियोजन नगरिएको प्रति यो बैठक घोर आपत्ति प्रकट गर्दछ ।

३५. अव्यवस्थित शहरीकरण र वातावरण प्रदुषणका कारण काठमाण्डौं उपत्यकाको जनजिवन दिन प्रतिदिन संकट ग्रस्त वन्दै गएका प्रति गम्भिर चिन्ता प्रकट गर्दै अविलम्ब ठोस कदम चाल्न यो वैठक वर्तमान सरकारलाई जोडदार आग्रह गर्दछ ।

३६. नेपाली काँग्रेसको सबै तह र संगठनलाई लोकतन्त्र, लोकतान्त्रिक गणतन्त्र, संघीयता, विधिको शासन, मानवअधिकार, लगायतका विश्वव्यापी लोकतन्त्रिक मूल्य मान्यताको संरक्षणमा सजग र सचेत रहन अपिल

गर्दै सशक्त भूमिका निर्वाह गर्दै जान यो बैठक हार्दिक अपिल गर्दछ ।

३७. जिल्ला सभापतिहरुको बैठक स्थल समेत रहेको नुवाकोट जिल्लाको यस ककनी क्षेत्रको पर्यटन विकास र प्रवर्धनका लागि प्रयाप्त बजेट विनियोजन गर्न तीनै तहको सरकारलाई गम्भिर ध्यानाकर्षण गराउन यो वैठक जोडदार माग गर्दछ ।

३८. नेपाली कांग्रेस नुवाकोटले जिल्ला सभापनिहरुको विधान मस्यौदा संसोधन र समसामयिक राजनीतिक

विषयको वैठक नुवाकोट जिल्लाको पर्यटकिय नगरी ककनीमा  कुशल व्यवस्थापन गरि सम्पन्न गरेकोमा

यस  बैठक नुवाकोट जिल्ला कार्य समितिलाई हार्दिक आभार सहित धन्यावाद ज्ञापन गर्दछ ।

यसैबीच, नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुर्‍याउनुभएका नेपालि कांग्रेसका नेता यवं पूर्व मन्त्रि चक्र प्रसाद वास्तोला, नेपाली कांग्रेस स्याङ्जा जिल्ला कार्य समितिका सभापति कमल पंगेनी एवं नेपाली कांग्रसका केन्द्रिय सदस्य एवं राष्ट्रिय सभाकी सचेतक नेत्रृ सरिता प्रसाईंको बुवा विरेन्द्र प्रसाईं, काभ्रे लिल्लाबाट महासमिति सदस्य रहनु भएकी चन्द्र लक्ष्मी ताम्राकारको असामहिक निधन प्रति  मार्हाहित हुदै दिवंगत आत्माहरुहरु प्रति भावपूर्ण श्रद्धाज्जली अर्पण गर्दै शोकाकुल परिवार जनमा यो बैठक गहिरो समवेदना प्रकट गर्दछ ।

| **क्र.सं.** | **नाम,थर** | **जिल्ला** | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | जगदिश्वर नरसिंह के.सि. | नुवाकोट | |
| २. | दिनेश कुमार यादव | सप्तरी | |
| ३. | मदन अमात्य | ललितपुर | |
| ४. | अमर सिह पुन | रोल्पा | |
| ५. | डिग बहादुर लिम्बु | मोरङ. | |
| ६. | सञ्जय गौतम | बर्दिया | |
| ७. | किर्ति बहादुर खड्का | दाङ. | |
| ८. | सबुज बानिया | काडमाण्डौं | |
| ९. | भेष बहादुर पौडेल | लमजुङ. | |
| १०. | जित नारायण श्रेष्ठ | चितवन | |
| ११. | लवश्री न्यौपाने | रामेछाप | |
| १२. | मधु आचार्य | काभ्रे | |
| १३. | सुरेन्द्रराज आचार्य | कपिलवस्तु | |

| | | | |
|---|---|---|---|
| १४. | विर बहादुर राण | पाल्पा | |
| १५. | नरेन्द्र कुमार केरुङ. | पाँचथर | |
| १६. | विष्णु खनाल मुस्कान | आर्घाखाँची | |
| १७. | हिमाल कर्माचार्य | इलाम | |
| १८. | प्रेम प्रकाश ओली | रुकुम | |
| १९. | सुकदेव दवाडी | गोरखा | |
| २०. | ललित सिंह बोहोरा | दार्चुला | |
| २१. | विकाश लामा | सिन्धुपाल्चोक | |
| २२. | विपिन कुमार श्रेष्ण | संखुवासभा | |
| २३. | नरेश कुमार श्रेष्ठ | खोटाङ. | |
| २४. | केशरमामन रोका मगर | रुकुम पुर्व | |
| २५. | उद्धव थापा | झपा | |
| २६. | राजिव कोइराला | सुनसरी | |
| २७. | विनोद कुमार वस्नेत | सोलुखुम्बु | |
| २८. | अजय व्दीवेदी | पर्सा | |
| २९. | विदुर वस्नेत | उदयपुर | |
| ३०. | पेम्बा छिरिङ. | रसुवा | |
| ३१. | कृष्ण के.सि. | कास्की | |
| ३२. | गणेश चन्द | सल्यान | |
| ३३. | अर्जुन कुमार पोखेल | नवलपरासी | |

| | | | |
|---|---|---|---|
| ३४. | कुमार राणामगर | स्याङ.जा | |
| ३५. | उज्जल प्रसाद बराल | सिन्धुली | |
| ३६. | जित प्रकाश आले | तनहुँ | |
| ३७. | खम्बहादुर गर्जुवा | म्याग्दी | |
| ३८. | गोविन्द ढुङ.गाना | तेरथुम | |
| ३९. | हर्ष बहादुर बम | कालिकोट | |
| ४०. | खड्ग बहादुर शाही | मुगु | |
| ४१. | कमल राज रेग्मी | सुर्खेत | |
| ४२. | दिप बहादुर शाही | जुम्ला | |
| ४३. | रुद्र बहादुर खड्का | दोलखा | |
| ४४. | दिपक जंग शाह | जाजरकोट | |
| ४५. | नन्दमणी राई | भोजपुर | |
| ४६. | रमेश धमला | धादिङ. | |
| ४७. | लिला बोखिम | ताप्लेजुङ. | |
| ४८. | किरण कोइराला | बाँके | |
| ४९. | विष्णु प्रसाद लामिछाने | नवलपरासी पुर्व | |
| ५०. | प्रदिप सुनुवार | ओखलढुंगा | |
| ५१. | दुर्लब थापा | भक्तपुर | |